आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १० जुलाई २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी र अस्ट्रियाका चान्सलर कार्ल नेहमाले आज भियनाको व्यापार बैठकमा भारतीय र अस्ट्रियाका कम्पनीहरूलाई संयुक्त रूपमा सम्बोधन गर्नु भयो।
२. सर्वोच्च अदालतले दण्ड प्रक्रिया संहिताको धारा १२५ अन्तर्गत मुस्लिम महिलालाई आफ्नो पतिबाट जीवनयापन भत्ताको अधिकार रहेको जनाएको छ, भाजपाले निर्णयको स्वागत गरेको छ|
३. सिक्किम बिधानसभाका २३ स्यारी निर्वाचन क्षेत्रका एक मात्र SDF विधायक तेन्जिङ नोर्बु लामथा सिक्किम क्रान्तिकारी मोर्चा (SKM) मा सामेल हुनु भएको छ।
४. छिमेकी राष्ट्र नेपालको इलामबाट प्रदान गरिने "जसुदा स्मृति पुरस्कार" यो वर्ष दार्जीलिङ मिरिकका साहित्यकार विजय बान्तावा कैलाशीलाई प्रदान गरिने भएको छ।
५. टिस्टा बचाऊ अभियानद्वारा टिस्टा आपदाबाट उत्पन्न विविध समस्याहरूबारे विभिन्न निकायलाई पत्रचार गरिएको छ|

**प्रधानमन्त्री-अस्ट्रिया व्यापार बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदी र अस्ट्रियाका चान्सलर कार्ल नेहमाले आज भियनाको होफबर्ग प्यालेसमा आयोजित गोलमेज व्यापार बैठकमा भारतीय र अस्ट्रियाका कम्पनीहरूलाई संयुक्त रूपमा सम्बोधन गर्नु भयो। श्री मोदीले पूर्वाधार, नवीकरणीय ऊर्जा, हरित क्षेत्रहरू, नयाँ र उदीयमान प्रविधिहरू, फिनटेक, स्टार्ट-अपहरू, नवप्रवर्तनलगायत विभिन्न क्षेत्रमा भारतीय र अस्ट्रियाका कम्पनीहरू बीचको सहयोगको महत्वपूर्ण सम्भावनामाथि प्रकाश पर्नु भयो। उहाँले अस्ट्रियाका कम्पनीहरूलाई भारतमा लगानी गर्न आह्वान समेत गर्नु भएको छ।

****** ० ******

**डा सी.वी. आनंद बोस**

गभर्नर डा सी.वी. आनंद बोसले मुख्यमन्त्री ममता बनर्जी र तृणमूल कांग्रेसका नेताहरू विरुद्ध दायर गरेको मानहानि मुद्दामा सुनुवाइ हुने भएको छ। कलकत्ता उच्च अदालतले बुधबार यो कुरा स्पष्ट गरेको हो। अदालतले मानहानि मुद्दामा अन्तरिम आदेशका लागि दायर गभर्नरको निवेदनमाथि सोमबार सुनुवाइ हुने जनाएको छ ।न्यायमूर्ति कृष्ण रावले बुधबार यस विषयमा सोमबार सुनुवाइ गर्ने बताउनु भएको छ । न्यायमूर्ति रावले बोसका वकिललाई पनि प्रतिपक्षहरूलाई निवेदनको प्रतिलिपि उपलब्ध गराउन निर्देशन दिनु भयो। जुन २७ मा राज्य सचिवालयमा एक प्रशासनिक बैठकमाए बनर्जीले भनेका थिएए ष्महिलाहरूले हालैका कथित घटनाहरूको समाचार सुनेपछि राजभवन जान डराएको छ।“ उहाँको टिप्पणीमा, राज्यपालले भन्नुभएको थियो, जनप्रतिनिधिहरूले गलत र निन्दनीय धारणाहरू नगर्ने अपेक्षा गरिएको छ। मे २ मा राजभवनकी एक महिला कर्मचारीले बोसमाथि यौन दुर्व्यवहारको आरोप लगाएपछि कोलकाता पुलिसले अनुसन्धान सुरु गरेको थियो। संविधानको धारा ३६१ अनुसार राज्यपालको कार्यकालमा कुनै पनि आपराधिक कारबाही गर्न पाइँदैन ।

****** ० ******

**बिमस्टेक – विदेश मन्त्रीहरुको सम्मेलन**

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बिमस्टेकका विदेशमन्त्रीहरूको दोस्रो सम्मेलन भोलिदेखि नयाँ दिल्लीमा सुरु हुँदैछ । सम्मेलनले समूहका सदस्यहरूलाई सुरक्षाए कनेक्टिभिटी, व्यापार र बङ्गालको खाडी र तटीय क्षेत्रमा लगानीलगायतका विभिन्न क्षेत्रमा सहयोग प्रगाढ बनाउने अवसर प्रदान गर्ने विदेश मन्त्रालयले जनाएको छ ।गत वर्ष जुलाईमा

थाइल्याण्डको बैंककमा पहिलो बिमस्टेक विदेश मन्त्रीहरुको सम्मेलन भएको थियो। बिमस्टेक बहुआयामिक सहयोगका लागि सात दक्षिण र दक्षिण पूर्व एसियाली राष्ट्रहरूको समूह हो।

****** ० ******

**सर्वोच्च अदालत - मुस्लिम महिला**

सर्वोच्च अदालतले दण्ड प्रक्रिया संहिताको धारा १२५ अन्तर्गत मुस्लिम महिलालाई आफ्नो पतिबाट जीवनयापन भत्ताको अधिकार रहेको जनाएको छ। न्यायमूर्ति बीवी नागरथना र अगस्टिन जर्ज मसिहको बेन्चले यस मामिलामा दायर गरेको याचिका खारेज गर्‍यो जसमा एक व्यक्तिले धारा १२५ सीआरपीसी अन्तर्गत आफ्नी सम्बन्धविच्छेदित पत्नीलाई जीवनयापन भत्ता दिने निर्देशनको बिरूद्ध याचिका दायर गरेको थियो। पीठले यो पनि आदेश दियो कि यदि महिलाले आवेदन विचाराधीन अवस्थामा सम्बन्धविच्छेद स्वीकार गरे भनेए उनले विवाह अधिकार संरक्षण ऐन २०१९ को सहारा लिन सक्छन्।

****** ० ******

**भाजपा-एससी मुस्लिम महिला**

भारतीय जनता पार्टीले आज सर्वोच्च अदालतको फैसलाको प्रशंसा गरेको छ कि सम्बन्धविच्छेद गरिएकी मुस्लिम महिलाले आफ्नो पतिबाट पालनपोषणको भत्ता पाउने अधिकार छ। नयाँ दिल्लीमा एक मिडिया प्रश्नको जवाफ दिँदै पार्टी प्रवक्ता सुधांशु त्रिवेदीले यो निर्णय मुस्लिम महिलाका लागि ठूलो राहत भएको र मुस्लिम महिलालाई उचित सम्मान दिने निर्णय भएको बताउनु भएको छ। उहाँले सन् १९८५ को शाह बानो काण्डको सन्दर्भमा कांग्रेस सत्तामा आएपछि पार्टीले विभिन्न तरिकाले संविधानमाथि आक्रमण गरेको आरोप लगाउनु भयो।

****** ० ******

**लामथा-SKM**

सिक्किम बिधानसभाका २३ स्यारी निर्वाचन क्षेत्रका एक मात्र SDF विधायक तेन्जिङ नोर्बु लामथाले मुख्यमन्त्री प्रेम सिंह तामाङलाई मिन्टोकगुङमा भेटेर आधिकारिक रूपमा सिक्किम क्रान्तिकारी मोर्चा (SKM) मा सामेल हुनु भएको छ। भेटमा लामथाले आफ्नो निर्वाचन क्षेत्रको मुख्य चासो राखेका थिए जसलाई मुख्यमन्त्रीले प्रशंसा गर्नु भयो। तामाङले सियारी क्षेत्रको विकासका लागि सहकार्य गर्नुपर्नेमा जोड दिँदै स्थानीय समस्या समाधानका लागि सहयोग गर्ने आश्वासन दिनु भयो। लामथाको समावेश संगैए SKM ले अब सिक्किममा आफ्नो राजनीतिक प्रभाव बलियो गर्दैए सबै ३२ विधानसभा सीटहरूमा कब्जा गरको छ।

****** ० ******

**"जसुदा स्मृति पुरस्कार"**

छिमेकी राष्ट्र नेपालको इलामबाट प्रदान गरिने **"जसुदा स्मृति पुरस्कार"** यो वर्ष दार्जीलिङ मिरिकमा साहित्यकार विजय बान्तावा कैलाशीलाई प्रदान गरिने भएको छ। आयोजक समितिको बैठकले यो निर्णय गरेको जानकारी प्राप्त भएको छ।मिरिकमा बसेर सक्रिय रूपमा साहित्य लेख्दै आइरहेका कैलाशीले हालसम्म रिसाह भुँइ (कविता संग्रह) , क्षितिज खोज्दै ( नियात्रा संग्रह) , जूनको हत्या ( कथा संग्रह) एभ्रमित ( उपन्यास)एमित्याङसा ( आख्यान ) , उत्ताल ( आख्यान ) लगायतका कृतिहरू प्रकाशित गर्दै पाठकहरूको मनमा बस्न सफल भइसकेका छन्। उक्त पुरष्कार प्रत्येक वर्ष इलामकी चेली कवि तथा पत्रकार जसुदा प्रधानको स्मृतिमा उहाँको श्रीमान बरिस्ठ पत्रकार पुष्पराज प्रधान तथा उहाँको परिवारले स्थापना गरेको हो। पुरस्कारमा नगद र सम्मानपत्र प्रदान गरिने जानकारी प्राप्त भएको छ। यो पुरस्कार आगामी १३ जुलाई भानु जयन्तीको दिन इलाममा प्रदान गरिने भएको छ। यस अवसरमा श्री कैलाशीले हर्ष ब्यक्त गर्नु हुँदै पुरस्कारले आफ्नो लेखनमा अझ जिम्मेवारी बोध गराउने मन्तब्य दिनु भएको छ।

****** ० ******

**अग्नि पिडित रिता छेत्री**

अग्नि पिडित रिता छेत्रीलाई हाम्रो पार्टी अध्यक्ष अजय एडवाडर्सले सहयोग गर्नु भएको छ। गत केही दिन अघि मुण्डा कोठी प्रधान गाउँ निवासी रीता छेत्रीको घरमा आगलागिको घटना घटेको थियो। आफु बास बस्ने घर नै आगो लागेपछि रिता छेत्रीले सामाजिक संजालमा आफ्नो दुखेसो पोख्दै सहयोगको गुहार लगाएका थिए।सामाजिक संजालमा अग्नि पिडित रिता छेत्रीको विलौना सुनेर हाम्रो पार्टी अध्यक्ष अजय एडवाडर्सले रिता छेत्रीलाई सहयोग पूराउँने वचन दिनु भएको थियो। यसक्रममा पार्टीका केन्द्रीय

उपाध्यक्ष एंव सभासद रोवर्ड छेत्री लगायत पार्टीको केन्द्रीय नेतृत्वहरूले अग्नि पिडित रिता छेत्री लगायत उनको परिवारसंग भेट गरी सहयोग हस्तान्तरण गरेको हो| यसका साथै पीडित रिता छेत्रीको विमारी छोरीलाई उपचार पनि हाम्रो पार्टी अध्यक्ष अजय एडवाडर्सले गरिदिने जनाकारी प्रतिनिधि टोलिले दिएका छन्

****** ० ******

**टिस्टा बचाऊ अभियान**

टिस्टा बचाऊ अभियान ( Save The Teesta Movement) सामाजिक कार्यकर्ता समुहको तर्फबाट टिस्टा आपदामाथि य उत्पन्न विविध समस्याहरूमाथि अनि समाधानहरूका प्रस्तावहरूमाथि दोस्रो चरणको पत्रचारको क्रममा आज सिक्किमका माननीय मुख्यमन्त्री ,केन्दीय रेलमन्त्री , केन्द्रीय वातावरणए वन र जलवायु परिवर्तन मन्त्री , चेयरम्यान एवं म्यानेजिङ डाइरेक्टर एएन एच पी सी फरिदाबाद य केन्द्रीय वन विभागए पश्चिम बंगाल एवं सिक्किमय सम्बन्धित विभागीय मन्त्रीगणए पश्चिम बङाल सरकार अनि राज्यका वन विभाग प्रमुख गरी जम्मा 11 वटा पत्रहरू डाक विभाग अनि ईमेलको माध्यमहरूबाट पठाएको जानकारी एक प्रेस बिज्ञप्ति जारी गरी दिएका छन्। यसअघि गत 4 जुलाईए 2024 को दिन भारतका प्रधानमन्त्री, केन्द्रीय गृहमन्त्री, केन्द्रीय परिवहन एवं राजमार्ग मन्त्री , पश्चिम बङालका मुख्यमन्त्री, पश्चिम बङालका राज्यपाल लगायत अन्य सम्बन्धित केन्द्रीय मन्त्रीहरूलाई गरी जम्मा 10 वटा पत्रहरू पठाइसकेको जानकारी प्राप्त भएको छ। सम्बन्धित मन्त्रालयहरूलाई अनि विभागहरूलाई तेस्रो चरणका पत्रहरू आउँदो 15 जुलाईको दिन गर्ने पनि टिस्टा बचाऊ अभियानका सदस्यहरुले बताउनु भएको छ। यसका साथै टिस्टा बचाऊ अभियानका सदस्यहरुले अवश्य टिस्टा आपदा पिड़ित अनि राष्ट्रिय राजमार्ग 10 का समग्र नागरिकहरूले न्याय पाउनेमा विश्वास जताएका छन्। यसका साथै राष्ट्रिय राजमार्ग 10 अनि टिस्टा नदीको पनि आवश्यकीय पुनर्स्थापनाए पुर्ण संरक्षण , स्थायी व्यवस्थापन अनि सबल प्रबन्धन निश्चित रूपमा हुनेमा पनि सदस्यहरुको जोड रहेको छ।

****** ० ******

**बिजनबारी बजार**

बिजनबारी पुलबजार ग्राम पञ्चायतका प्रधान पदमा सुब्बासहितको एक प्रतिनिधि टोलीले आज बिजनबारी बजारको साप्ताहिक बुधबारे हाटको छेक पारेर बजारको निरिक्षण गरेका छन्। पुलबजार थानाको सहयोगमा गएको उक्त टोलीले बिजनबारी बजारभित्र जतिपनि अव्यवस्थित ढङ्गमा चलिरहेको दोकानपाटए बाटोमा समान राख्नेए मैला फाल्ने अनि अव्यवस्थित गाडी पार्किङमाथि ग्राम पञ्चायतद्वारा कठोर कदम उठाउँदै ती दोकानपाटका मानिसहरूसँगै वार्डवासीहरूलाई बुझाउने कार्य गरियो। हाम्रो बिजनबारी ए राम्रो बिजनबारी बनाउन सबैलाई सजोक गरिदिने ग्राम पञ्चायतको पक्षबाट अपील पनि गरेका छन्। उक्त बिषयमा ग्राम प्रधान पदमा सुब्बाले पत्रकारहरूलाई सम्बोधन गर्दै भनिन् , आफुहरूले यी कुराहरूमाथि अघिबाटै मानिसहरूलाई सुचित गराइसकेको अनि अवैध रूपमा बाटो ढाकेर दोकानपाट थापेर सार्वसाधरणलाई धेरै असुविधा भइरहेको छ। आज हामी पुन: ती दोकानदार अनि वार्डवासीहरूलाई बुझाउन आएका हौँ। आगामी दिनमा ग्राम पञ्चायतको पक्षबाट मानिसहरूलाई थप सचेत गराउन पोस्टरिङसमेत गरिने उहाँले बताउनु भयो । त्यसपछि पनि यो प्रकारको गतिविधि रहिरहेको खण्डमा कानुनी कार्वाही गरिने चेतावनीसमेत उहाँले दिनु भयो।

****** ० ******

**खरसाङ नगरपालिका-RTI**

अधिवक्ता बिरेन्द्र रसाईली अनि स्थानीय अधिवक्ता बिरेन्द्र रसाईलीले खरसाङ नगरपालिकाले नगरवासीका निम्ति विभिन्न विभागमा भइरहेको कार्यको जानकारी माग्दै RTI फाइल गर्नु भएको छ| खरसाङ नगरपालिकालाई गत ४० दिन अघिदेखि लगातार रुपमा खरसाङ नगरपालिकाले नगरवासीका निम्ति विभिन्न विभागमा भइरहेको कार्यको जानकारी स्थानीय आरके शर्माले मागिरहेका थिए। नगरपालिकाले ४० दिन बितिसक्दा पनि जानकारी नदिएर केवल आश्वासन मात्र दिइरहेको थियो। मङ्गलबार आरके शर्मा पुनःजानकारी माग्न नगरपालिका कार्यालय जाँदा नगरपालिकाका भाइस चियरम्यानले उक्त रिपोर्ट दिन सोझै मनाही गरेपछि आज कानुनी रुपमा अधिवक्ता बिरेन्द्र रसाईली सँग नगरपालिका कार्यालय पुगेर द्वयले आरटीआई फाइल गरेका छन्। यसै नगरपालिका चुनाव विषय लिएर आफू कलकत्ता गइ निर्वाचन आयोगमा ज्ञापन चडाएको अनि भेटघाट गरि आजमात्रै फर्किएको अधिवक्ता बिरेन्द्र रसाईलीले बताउनु भएको छ। अब कानूनी रुपमा आरटीआई गरिसकेपछि जवाफ आउने आशा व्यक्त गर्दै अधिवक्ता रसाईलीले जवाफ आएपछि अघि कस्तो प्रकारको थप कानूनी कार्यहरू गर्नुपर्ने ती कुराहरू जानकारी गराउने बताउनु भएको छ।

****** ○ ******